गोकर्णेश्वर नगरपालिका

नगरकार्यपालिका

जोरपाटी,काठमाडौं ।

# सवारी साधन खरिद कार्यको सिलवन्दी

# बोलपत्र आह्वान सम्वन्धि सूचना

**राजधानीमा प्रथम पटक प्रकाशित मिति २०७४।८।०९ गते**

यस नगरपालिकाको लागि चालु आ.व.०७४।०७५ मा आवश्यक भएको १ थान चार पाङ्ग्रे सवारी साधन बोलपत्रको माध्यमद्धारा खरीद गर्ने सम्वन्धमा नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक अधिकृत विक्रेता तथा फर्महरुवाट निम्न सर्तहरुको अधिनमा रही रीतपुर्वकको छुट्टाछुट्टै सिलवन्दी बोलपत्र आह्वान गरिन्छ । तपसिल

| क.सं | बोलपत्र /ठेक्कापट्टा नं. | सवारी साधनको विवरण | फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७४/७५ | Four Wheel SUV | ३०००/- | १,२२,०००।०० | |

१। बोलपत्र फाराम यो सुचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र नेपाल सरकारवाट इजाजत प्राप्त अधिकृत विकेता तथा फर्महरुवाट चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र,आयकर दर्ता प्रमाणपत्र,स्थायी लेखा प्रमाणपत्र,मु.अ.कर दर्ता प्रमाणपत्र,आ.व.०७३।०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कालोसुचिमा नपरेको स्वयं घोषणापत्र संलग्न गरी रु.१०।०० को टिकट टांसी,निवेदन पेस गरेमा प्रति थान फारामको राजश्व दस्तुर रु.३०००।०० (तिन हजार) तिरी यस नगरपालिका वाट प्राप्त गर्न सकिने छ ।

२। बोलपत्र फारामसाथ गोकर्णेश्वर नगरपालिकाको जोरपाटि स्थित रहेको धरौटी खाता नं. ०२१०८०११४६१५६०८३ मा जमानतवापत माथि उल्लेखित रकम जम्मा गरेको सक्कलै प्रति वा मान्यता प्राप्त क श्रेणीको वाणिज्य बैंकवाट यस नगरपालिकाको नाममा जारी भएको, कम्तिमा १२० (एक सय बीस )दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडवण्ड) पेस गर्नु पर्नेछ ।

३। बोलपत्र फाराम अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सुचना प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र यस नगरपालिकाको दर्ता शाखामा वुझाउनु पर्नेछ, र बोलपत्र खोल्ने कार्य सोही दिन १४:०० वजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकामा खोलीने छ । बोलपत्र खाल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोलपत्रमा फाराम खरिद गर्ने तथा दाखीला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य भोलिपल्ट सोही समयमा हुनेछ ।

४। उपलव्ध गराउने सवारी साधन नगरपालिकाले स्वीकृत गरेको टेक्निकल स्पेशिफिकेशन वमोजिम हुनु पर्नेछ, सवारी साधनको टेक्निकल स्पेशीफिकेसन सहितको सक्कल फायल बोलपत्र साथ समावेश गरी servicing, warranty आदी सम्वन्धमा समेत खुलाउनु पर्नेछ ।

५। नगरपालिकावाट प्राप्त बोलपत्र फाराममा उल्लेखीत सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक दर उल्लेख गरेमा अक्षरमा उल्लेखीत दर कायम गरिने छ ।

६। म्याद नाघि आएको वा रीत नपुगेको वा विभिन्न सर्त उल्लेख गरेको वोलपत्र उपर कुनै कारवाही हुने छैन,बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ । वोलपत्र सम्वन्धि अन्य कुरा वुझ्नु परेमा कार्यालय समयभित्र यस नगरपालिकामा वा ०१४९१४११५ मा सम्पर्क राख्न सकिने छ ।

७। एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

८। अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तय भए वमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

दिपक कोइराला